


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

एउटै उद्देश्य, एउटै नारा
भ्रष्टाचारबाट छुटकारा,
हामी सबैको अभिभारा ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क ६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत ४ गते बुधबार ❑ 17 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## दलहरूबीच सहकार्य हुनुपर्नेमा राष्ट्रपतिको जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ चैत**

राष्ट्रपति विद्यादेवी भण्डारीले मुलुकको राजनीतिक सौन्दर्य आपसी संवाद, सहकार्य र एकता रहिआएको परिवेशमा संविधानको प्रभावकारी कार्यान्वयन र लोकतन्त्रको सुदृढीकरणका लागि राजनीतिक दलहरूबीचको सहकार्य हुनुपर्नेमा जोड दिएकी छन् ।

राष्ट्रपतिले भनिन्, "हाम्रो समाज शालीन, सभ्य र सहिष्णु रहिआएको छ । यहाँको नेतृत्वले सधैँ उच्च राजनीतिक संस्कार कायम गर्दै आएको छ। यो असल संस्कार निरन्तर कायम रहनुपर्दछ।" राष्ट्रपति कार्यालय शीतलनिवासमा सोमबार साँझ आयोजित राजनीतिक दलका शीर्ष नेता तथा पूर्वप्रधानमन्त्रीहरूसँग भेटघाटमा उनले नेपालको अतिक्रमित भू-भाग सामेल गरी गत जेठमा नयाँ राजनीतिक नक्सा प्रकाशन गर्न दलहरूले प्रदर्शन गरेको अभूतपूर्व राष्ट्रिय एकताका सन्दर्भमा यसैगरी सर्वपक्षीय भेटघाटको आयोजना गरेको स्मरण गर्दै सबै दलका नेताप्रति धन्यवाद प्रकट गरिन । राष्ट्रपतिले कोभिड-१९ को महामारीका कारण मुलुकको अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, पर्यटनलगायत क्षेत्रमा परेको प्रतिकूल प्रभावका विषयमा चर्चा गर्नुका साथै यसको सामना गर्न अग्रमोर्चामा खट्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा राष्ट्रसेवकको योगदानको स्मरण गरिन । उनले सो कार्यमा सबै राजनीतिक दलका नेता तथा कार्यकर्ताले नेपाल सरकारको अभियानमा पुऱ्याएको योगदानका लागि धन्यवाद दिएको राष्ट्रपति कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । शिक्षा, स्वास्थ्य, अर्थतन्त्र, खानेपानी, जलवायु परिवर्तनजस्ता राष्ट्रिय जीवनका विभिन्न क्षेत्रसहित नागरिकका दैनिक समस्या र जनजीविकासम्बन्धी विषयमा आपसी संवाद र छलफललाई निरन्तरता दिन शीर्ष नेताहरूलाई राष्ट्रपतिले आग्रह गरेकी थिइन ।

सो अवसरमा राष्ट्रपतिले मित्रराष्ट्र बङ्गलादेशका राष्ट्रपतिबाट त्यहाँका राष्ट्रपिता बंगबन्धु शेख मुजिबुर रहमानको जन्म शतवार्षिकीका अवसरमा बङ्गलादेशको राजधानी ढाकामा आयोजना हुन लागिरहेको कार्यक्रममा सहभागी हुन मैत्रीपूर्ण निमन्त्रणा प्राप्त भएको र निकट भविष्यमा बङ्गलादेशको राजकीय भ्रमण गर्न लागेको उल्लेख गरेकी थिइन। छलफलमा नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' तथा जनता समाजवादी पार्टीका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादव तथा नेता राजेन्द्र महतो उपस्थित भएका थिए।

एमालेका तर्फबाट रामबहादुर थापा, ईश्वर पोखरेल, सुवास नेम्वाङ, विष्णुप्रसाद पौडेल, कांग्रेसका तर्फबाट रामचन्द्र पौडेल, विमलेन्द्र निधि, डा शशाङ्क कोइराला र माओवादी केन्द्रका तर्फबाट नारायणकाजी श्रेष्ठ र देवप्रसाद गुरुङको उपस्थिति रहेको थियो । यसैगरी, छलफलमा मन्त्रिपरिषदका पूर्वअध्यक्ष खिलराज रेग्मीको पनि सहभागिता थियो । राष्ट्रपति कार्यालयका अनुसार राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष डा प्रकाशचन्द्र लोहनी, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र नेता जनकराज शर्मा तथा नेपाल मजदूर किसान पार्टीका नेता प्रेम सुवालको पनि उपस्थिति थियो।

## कठिन अवस्थाबाट देश जोगाउने जिम्मा कांग्रेसलाई : नेता पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ चैत**



नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले देश अनिर्णयको बन्दी भएको जनाउँदै देश जोगाउने जिम्मा कांग्रेसको काँधमा आएको बताएका छन् ।

नेपाल प्रेस युनियन कास्कीद्वारा सञ्चालित पूर्णप्रसाद/माया शान्ति पत्रकारिता पुरस्कार अर्पण कार्यक्रममा नेता पौडेलले अहिलेको अवस्थामा पार्टी सभापति शेरबहादुर देउवाको मौनता रहस्यमय लागेको जनाउँदै नेपाली राजनीतिमा कांग्रेसको भूमिका ठूलो रहेको छ भने । "संसद्मा हाम्रो सङ्ख्या थोरै होला तर हाम्रो भूमिका महत्वपूर्ण छ, अब ढुलमुलरूपमा बस्नु हुन्न देशलाई निकास दिनुपर्छ", उनले भने । उनले आफू निर्णायक भूमिकामा नभएकाले अहिले सुझावमात्र दिन सक्ने बताए । वरिष्ठ नेता पौडेलले मुलुकलाई सही ढङ्गले चलाउने सक्ने पार्टी कांग्रेसमात्र रहेको दाबीसमेत गरे । नेता पौडेलले तीन दशकदेखि पत्रकारितामा क्रियाशील हिमनिधि लौडारीलाई नगद २५ हजारसहित सम्मान गरेका थिए । लौडारी रेडियो तरङ्ग र हिमदूत दैनिकमा आबद्ध रहेका छन् । सम्मानित व्यक्तित्व लौडारीले सशस्त्र द्धन्दका धेरै समाचार लेखेको अनुभव सुनाउँदै शान्ति पुरस्कारले थप जिम्मेवार बनाएको बताए । पूर्णप्रसाद/माया बराल प्रतिष्ठानका अध्यक्ष भोला बरालले धर्म, संस्कार, संस्कृति र शान्तिको क्षेत्रमा कलम चलाउनेलाई पुरस्कार प्रदान गर्ने उद्देश्यले स्थापना गरेको बताए ।

कार्यक्रममा कांग्रेसका नेता शुक्रराज शर्मा, गण्डकी प्रदेशसभा सदस्य कुमार खड्का, कास्की सभापति कृष्ण केसी, पूर्वमन्त्री यज्ञबहादुर थापा, युनियनका केन्द्रीय उपाध्यक्ष रमेश पौडेल, जिल्ला अध्यक्ष नवीन सिग्देलगायतले समसामयिक राजनीति र पत्रकारिताको भूमिकाको विषयमा आफ्नो भनाइ राखेका थिए।

## बुधबार पोखरामा प्याराग्लाईडिङ संचालन नहुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ चैत**

पोखरामा फेरी प्याराग्लाइडिङ दुर्घटनामा परी एक युवाको मृत्यु भएको छ।

काठमाडौं कालीजंग गणमा रहेका २३ बर्षीय नेपाली सेनाका जवान राजाराम मगरको प्याराग्लाईडिङ प्रशिक्षणको क्रममा सोमबार दुर्घटनामा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। प्याराग्लाईडिङ प्रशिक्षणकै क्रममा सोमबार करिब २:०० बजे तिर फेवातालमा डुब्न पुगेका मगरको सुरक्षाकर्मी सहितको रेस्क्यूटिमले उनको उद्धार गरी पोखरा ११ स्थित रानीपौवाको नेपाली सेनाको अस्पतालमा पुऱ्याए पनि उपचारको क्रममा साँझ करिव ५:०० बजे उनको मृत्यु भएको कास्कीका प्रहरी प्रवक्ता डिएसपी सुवास हमालले बताए।

धादिङ निलकण्ठका मगर पोखराको सराङकोटबाट उडा न भरी फेवातालमा अवतरण गर्न खोज्दा प्राविधिक कारणशव उनको मृत्यु भएको हुन सक्ने स्थानियले बताएका छन् । उनको शव पश्चिमाञ्चल क्षेत्रिय अस्पताल (पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान) मा पोष्टमाटम पश्चात नेपाली सेनाले उनका आफन्तलाई बुझाएको छ । उनका आफन्तहरु मंगलबार निकै भावुक हुदै प्रतिष्ठानमा पुगेका थिए। यसैबिच, नेपाल हवाई खेलकुद संस्था (ना)ले बुधबार पोखरामा व्यावसायीक तथा सोलो कुनै पनि प्याराग्लाईडिङ नहुने जनाएको छ।

प्याराग्लाईडिङ सिक्ने क्रममा नेपाली सेनाका मगरको दुर्घटनामा परी असामयिक निधन भएको घटना प्रति गहिरो दुःख व्यक्त गर्दै नाले मृतक मगर प्रति हार्दिक श्रद्धान्जली व्यक्त गरेको छ। मृतक मगरको सम्मानमा बुधबार नामा आबद्ध सवै प्याराग्लाइडिङ कम्पनी र प्याराग्लाईडिङ पाइलटहरुलाई व्यवसायीक तथा सोलो प्यराग्लाईडिङ उडान बन्द गर्न आव्हान गरिएको नाका महासचिव बलराम आचार्यद्धारा हस्ताक्षरित प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ।

## सवारी दुर्घटनामा एकको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ चैत**

पोखरामा मंगलबार भएका दुई छुट्टाछुट्टै सवारी दुर्घटनामा परी एकको मृत्यु भएको छ भने तीन घाइते भएका छन्।

पोखरा-सराङकोट सडकखण्डस्थित गुम्बा नजिक सराङकोटबाट पोखरातर्फ आउँदै गरेको ग १८प ४८१४ नम्बरको मोटरसाइकल दुर्घटनामा परी मोटरसाइकल चालक पर्वत कुश्मा नगरपालिका-७ चुवा बस्ने ३२ वर्षीय माधव गिरीको मृत्यु भएको गण्डकी प्रदेश प्रहरी कार्यालयले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## उपभोक्ता अधिकार : सशक्त कानून फितलो कार्यान्वयन

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ चैत**

उपभोक्ता अधिकारका बारेमा सशक्त कानून भए पनि त्यसको कार्यान्वयन भने फितलो भएको पोखरामा आयोजित एक कार्यक्रमा सहभागीले बताएका छन् ।

विश्व उपभोक्ता अधिकार दिवसका अवसरमा उपभोक्ता मञ्च गण्डकीद्वारा सोमबार पोखरामा आयोजित सरोकारवालासँगको अन्तर्क्रिया कार्यक्रममा सहभागीले नीति, नियम र कानून भए पनि व्यवहारमा नदेखिँदा उपभोक्ता ठगिने प्रवृत्ति बढिरहेको गुनासो गरेका हुन् ।

कार्यक्रममा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव डा महेश्वर ढकालले उपभोक्ता अधिकारका लागि सबैले आ-आफ्नो स्थानबाट प्रयास गरे सफल हुने जनाउँदै स्थानीय सरकारको भूमिका अझ बढी हुने बताए । उनले राष्ट्रबाट के पाएँ नभई राष्ट्रलाई के दिएँ भन्ने सामूहिक सोचका साथ अगाडि बढ्न सके कालोबजारीबाट उपभोक्ता ठगिन नपर्ने बताए । राजनीतिक दलहरूले घोषणापत्रमै उपभोक्ता अधिकारलाई उल्लेख गरेर कार्यान्वय गर्नुपर्नेमा उनको जोड थियो । आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव केदारनाथ शर्माले उपभोक्ता सम्बन्धित ऐन, कानूनको कार्यान्वयनको खाँचो औंल्याए।

उनले सरोकारवाला सबैले यथार्थको धरातलमा उभिएर गल्ती कमजोरी पत्ता लगाउनुपर्ने उल्लेख गर्दै आफूअनुकूलताको व्यवहार मात्र नदेखाई सबैको हितका लागि काम गर्नुपर्ने भनाइ राखे। कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले सबैले सर्वप्रथम आफू उपभोक्ता हुँ भन्ने कुरा सम्झेर आफ्नो दायित्व बहन गर्नुपर्ने बताए। उनले उपभोक्ता सचेत हुँदै जाँदा केही सकारात्मक नतिजा आए पनि अझै बजारमा उपभोक्ता र विक्रेताबीच थुप्रै समस्या रहेको औंल्याउनुभयो । उहाँले नागरिक सचेत हुँदै गए समस्याको पहिचान हुने र समाधानमा सहज हुने धारणा राखे । खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय पोखराका प्रमुख शिवजी बरालले उपभोक्तालाई विद्यमान कानूनको बारेमा जानकारी लिएर सचेत हुन आग्रह गरे । उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक नारायण आचार्यले उपभोत्ता अधिकारका लागि संविधानले नै धारा ३३ र ४४ मा प्रष्ट पारेको उल्लेख गर्दै गण्डकी प्रदेशमा प्रदेश बजार अनुगमन नियमावलीसमेत बनेको जानकारी दिए । उनका अनुसार महानगरमा ३३ वटै वडामा जनप्रतिनिधि र टोल विकासका संस्थाका प्रतिनिधिका लागि सचेतना कार्यक्रम भइरहेको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विवेकशील साझाको जिल्ला र पोखरा महानगरमा समायोजन

**विनय पौडेल**
**पोखरा, ३ चैत**



वैकल्पिक पार्टीको रुपमा रहेका २ दल साझा पार्टी र विवेकशील नेपाली दलबीच गत मंसिरमा एकीकरण भयो। विवेकशील साझा पार्टी स्थापना भयो । विवेकशील साझा पार्टीको एकता कार्यविधि अनुसार यतिखेर देशभरका प्रदेश, जिल्ला र नगरहरूमा समायोजन र बिस्तारका काम भइरहेका छन् ।

गत फागुणको पहिलो हप्ता गण्डकी प्रदेश समितिको समायोजन भयो। समायोजन पश्चात गण्डकीका ११ वटै जिल्लामा समायोजन तथा विस्तार कार्यलाई अगाडि बढाइरहेको विवेकशील साझा पार्टी गण्डकी प्रदेश समितिले जनाएको छ। फागुणको दोस्रो साता नवलपुर जिल्ला कार्यसमितको समायोजन भयो । गत हप्ता बागलुङमा नयाँ जिल्ला समिति विस्तार भयो।

यसबीच विवेकशील साझा पार्टी गण्डकी प्रदेशले पोखरामा आइतबार एक भेलाको आयोजना गरी कास्की जिल्ला र पोखरा महानगरको कार्यसमिति समयोजन गरेको छ । साविक दुवै दलका जिल्ला र महानगर समितिको संयुक्त बैठकले सिफारिस गरेको आधारमा कार्य समितिलाई भेलामा घोषणा गरिएको हो।

कास्कीको समायोजित कार्यसमितिको संयोजकमा फणिन्द्र अधिकारी र सहसंयोजकमा जयन्ती मोक्तान चयन भएकी छन्। संयोजक अधिकारी यसअघि पार्टीका जिल्ला कार्यसमिति सदस्य तथा प्रशिक्षण विभाग प्रमुख हुन् भने सहसंयोजक मोक्तान युथ कम्युनिटी क्लबकी उपाध्यक्ष तथा सामाजिक संस्थामा अगुवाइ गरेकी युवा उद्यमी हुन्। समायोजनपश्चात् विवेकशील साझा पार्टीको कास्की जिल्ला समिति १७ सदस्यीय बनेको छ । सदस्यहरूमा दीलिप न्यौपाने, डा. कृष्ण पोखरेल, फडिन्द्रमोहन कँडेल, विश्व पौडेल, तिलक खत्री, डुण्डीराज ज्ञवाली, रामबहादुर थापा, कल्पना आचार्य, चन्द्रज्योति ढुंगाना, सोमनाथ ढुंगाना, पदम निरौला, सिताराम लामा, अशोक लामा, राज पौडेल, र ईश्वर चालिसे रहेका छन्। यसैगरी सो भेलाले पोखरा महानगर समिति पनि घोषणा गरेको छ । पोखरा महानगरको संयाजकमा युवा उद्यमी अजय श्रेष्ठलाई मनोनित गरेको छ।

सदस्यहरूमा पुष्पा गुरुङ, सरोज भण्डारी, उर्मिला लामिछाने, राजकुमार लामा, मोहम्मद इफरान खान, विजय पौडेल, कृष्ण श्रेष्ठ, दिलीप त्रिपाठी, गोविन्द पौडेल, सूर्य पौडेल, अशिष बास्तोला, बुद्धिमान श्रेष्ठ र आनन्द लामिछाने रहेका छन् । नवसमायोजित समितिको पहिलो बैठकले सहसंयोजकको बारेमा निर्णय गर्ने बताइएको छ।

घोषणा सभालाई विशेष सम्बोधन गर्दै विवेकशील साझा पार्टीका सचिवालय सदस्य निर्देश सिलवालले बागमति प्रदेशपछि वैकल्पिक राजनीतिको उर्बर भूमि गण्डकी प्रदेश भएको उल्लेख गर्दै पार्टी घोषणा भएको छोटो अवधिमा सहभागी निर्वाचनमा जनताले प्रादेशिक पार्टीको स्थान दिलाएको स्मरण गराए।

कार्यक्रममा विवेकशील साझा पार्टीका सचिवालय सदस्य सुमित्रा गुरुङ, केन्द्रीय सदस्यहरू विकलप्रसाद शेरचन, अर्जुनप्रसाद खनाल, गण्डकी प्रदेशको सहसंयोजक जमुना शर्मा र साविक साझा पार्टीका संस्थापक महानगर संयोजक मनकाजी गुरुङ, प्रदेश समिति सदस्य सुदीप ओझा लगायतका नेताहरूले शुभकामना तथा बधाई मन्तव्य राखेका थिए।



# पोउवा संघ र इ-सेवा फोन पे प्रालिबीच सहकार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ चैत**

पोखरा उद्योग वाणिज्य संघले 'डिजिटल भुक्तानी अर्थात् फोन पे क्युआर सेवा संचालनमा ल्याएको छ।

पोखरा उद्योग वाणिज्य संघ र इ-सेवा फोन पे प्रालिबीच मंगलबार क्युआर डिजिटल पार्टनरसीप सम्झौतामा हस्ताक्षर भएको हो । संघले यसअघि नै इ-सेवा र क्युआ कोडमार्फत् सदस्यता नविकरण गर्ने व्यवस्था मिलाएको थियो । संघका अध्यक्ष नारायण कोइराला र इ-सेवा फोन पे प्रालिका चिप स्टाट्रेजी म्यानेजर रोशन लामिछानेले सम्झौतापत्रमा हस्ताक्षर गरे । कार्यक्रममा बोल्दै गण्डकी प्रदेशसभा सदस्य तथा पोखरा उद्योग वाणिथ्य संघका पूर्वअध्यक्ष विन्दुकुमार थापाले डिजिटल पेमेण्ट समयको माग भएको बताए। उनले डिजिटल पेमेण्ट सेवाको स्तरोन्नति गर्दै नागरिकलाई शिक्षित बनाउनुपर्ने धारणा राखे। भ्रष्टाचार न्यूनिकरणको लागि डिजिटल पेमेण्टले सघाउने उनको भनाई थियो। कार्यक्रम तथा संघका अध्यक्ष नारायण कोइरालाले



संघले यसअघि नै सदस्यता नविकरण इसेवामार्फत् गर्दै आएको जनाउँदै डिजिटल भुक्तानीले समयको पनि बचत हुने धारणा राखे । क्युआर कोड सबैजसो बैंक तथा वित्तीय संस्थाले प्रयोग गरिसकेकाले अब ढुक्क भएर कारोबार गर्ने अवस्था आएको उनको भनाई थियो।

इसेवा फोन पे प्रालिको तर्फबाट चिफ स्टाट्रेजी म्यानेजर रोशन लामिछानेले क्युआर कोडमार्फत् भुक्तानी छिटो र छरितो हुने, खुद्राको समस्या नहुने, पैसा कहाँ खर्च भयो भन्ने जानकारी सुरक्षित रहने बताए। मोबाइलमा इसेवा मोवाइल बैंकिङ एप्स डाउनलोड गरेर क्युआर कोड स्क्यान गर्ने प्रक्रिया सजिलो भएको उनको भनाई थियो । हाल इ-सेवा फोन पे प्रालिले ५१ वटा बैंकहरुसँग सहकार्य गर्दै आइरहको जनाउँदै उनले यो सेवा सुरक्षित र भरपर्दो भएको दावी गरे । उनका अनुसार अहिले इ-सेवामार्फत् बिजुली र खानेपानीको बिल तिर्ने काम बढी भएको छ। सक्षम एक्सेस टु फाइनान्सका प्रविणराज पोखरेलका अनुसार हाल १ करोड २६ लाख नेपालीले मोवाइल बैंकिङमा जोडिएका छन् । उने अहिले सानो कारोबार हुँदै आए पनि २-४ वर्षका ठूलो कारोबार पनि डिजिटल नै हुने जिकिर गरे । मोवाइल र इन्टरनेट उपयोग गरी इ-सेवाका माध्यमबाट सर्वसाधरणले रकम आदान-प्रदान गर्न, विजुली, पानी, टेलिफोनको महसुल भक्तानी गर्न, मोवाइल रिचार्ज गर्न, इन्टरनेटको महसुल भक्तानी गर्न, हवाई टिकट खरिद गर्न, क्रेडिट कार्डमा रकम जम्मा गर्न, कलेज, स्कुलको शुल्क बुझाउन र बजारमा सपिङ यो सेवा उपयोगी हुने उनको भनाई थियो। उनले इ-सेवा संचालन गर्न कुनै शुल्क नलाग्ने प्रष्ट पारे।

कार्यक्रममा बोल्दै संघका उद्योगतर्फका उपाध्यक्ष गोकर्ण कार्कीले डिजिटल पेमेण्टलाई व्यापक बनाउन अझै जनचेतना बढाउनुपर्ने धारणा राखे। संघका महासचिव सुरेन्द्रमान बिजुक्छेले इ-सेवा र क्युआरकोडको प्रयोग बढ्दै गएको र पोखरा उद्योग वाणिज्य संघ सदैव नयाँ प्रविधिको पक्षमा भएको बताए । अन्तरक्रिया कार्यक्रममा कास्की पोखरा हस्तकला संघकी सचिव वुद्धि पुर्जा, थोक व्यवसायी संघका अध्यक्ष लेखनाथ सुवेदी,सर्वेश्वर मार्ग व्यवसायी संघका अध्यक्ष एकनारायण पनेरु, व्यवसायी महेश ज्ञवाली, झलक शर्मा, मुद्रण उद्योग संघ गण्डकीका महासचिव बसन्त बास्तोलालगायतले झुक्किएर पैसा अर्काको खातामा जाँदा सहज फिर्ता हुनुपर्ने, ठूलो रकम कारोबार गर्ने वातावरण बनाउनुपर्ने धारणा राखेका थिए।

# पदमार्ग सरसफाइमा जुटे व्यवसायी

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ चैत**

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धन एवं ट्रेकिङ इक्विपमेन्ट सप एशोसिएशन (टेसा) पोखराको आयोजनामा मर्दी हिमाल पदयात्रा तथा पदयात्रा सामग्रीको प्रयोग तथा चिनारी विषयक पदयात्रामा सहभागी पोखरेली पर्यटन व्यवसायीहरूले मंगलबार 'मर्दी पदयात्रा क्षेत्र' सरसफाइ गरेका छन्।

चैत १ गतेदेखि चार दिने पदयात्रामा निस्केको टोलीले मंगलबार पदयात्रा मार्गको मर्दी हाइक्याम्पदेखि बादलडाँडासम्म सरसफाइ गरेको हो । पछिल्ला वर्षमा आकर्षक गन्तव्यका रुपमा परिचित मर्दी पदयात्रा मार्गको मर्दी हाइक्याम्पदेखि बादलडाँडासम्मको क्षेत्रमा फालिएका प्लाष्टिकजन्य सामग्री सङ्कलन गरिएको टेसा पोखराका अध्यक्ष नारायण सापकोटाले जानकारी दिए।



मार्गमा जथाभावी फलिएका सामग्रीले वातावरणीय प्रदूषण निम्त्याउने भएकाले यसको समयमा नै व्यवस्थापन गर्नुपर्ने टान पश्चिमाञ्चल क्षेत्रीय सङ्घका उपाध्यक्ष धर्मराज पन्थीले बताए । पदयात्रा पर्यटनमा प्रयोग गरिने सामग्रीको बिक्री वितरणलाई प्रभावकारी बनाउने लक्ष्यका साथ पोखरामा २०५४ सालदेखि संस्थागतरुपमा नै टेसा क्रियाशील रहेको निवर्तमान अध्यक्ष एवं चिनारी पदयात्रा कार्यक्रम संयोजक रामचन्द्र गिरीले जानकारी दिए । उनका अनुसार पदयात्रा पर्यटनको प्रवर्द्धन र विकासमा महत्वपूर्ण योगदान गर्दै आएको टेसामा हाल विभिन्न ७५ व्यवसायी आबद्ध छन् । चिनारी पदयात्रा कार्यक्रम बुधबारसम्म चल्ने उनले बताए।

# लेक सिटीका विद्यार्थी गाउँफर्क विद्यालयमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ चैत**

सामाजिक कार्य दिवसको अवसरमा आँफु जस्तै विद्यार्थीहरुलाइ खाजा र स्टेशनरी सामाग्री प्रदान गरेका छन्।

पोखरा महानगरपालिका वडा नं ४ गैह्रापाटन स्थित लेक सिटी कलेज एण्ड रिसर्च सेण्टर विए प्रथम वर्षमा सामाजिक कार्य अध्ययनरत विद्यार्थीहरुले सो सामाग्री प्रदान गरेका हुन् । रुपा गाउँपालिका-५ फेदी स्थित गाउँफर्क प्राथमिक विद्यालयमा अध्ययनरत ५५ जना विद्यार्थीलाइ खाजा वितरण गर्दै सामाजिक कार्यका विद्यार्थी



गित गाउँदै नृत्य समेत प्रस्तुत गरे । कार्यक्रममा चकलेट दौड पनि गरिएको थियो। विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद बसौलाले पोखरावाट आइ आफ्नै खाजा कटाएर संकलन रकमले सहयोग गर्नु उत्तम कार्य भएको चर्चा गरे। सामाजिक कार्य अध्यापन गराउने रोशनी कुवँरले दिवसको अवसरमा विद्यार्थीहरुले सम्पुर्ण कार्यको व्यवस्थापन आँफैले गर्नु नै सामाजिक कार्यको झल्को आएको भनिन्।

सो कार्यक्रममा विद्यार्थी सन्तोष सुनार र प्रतिमा पौडेलले संचालन गरेका थिए।

# विद्यालयमा असुरक्षा भएमा सिकाइ प्रभावित हुने चिन्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ चैत**

विद्यालयमा बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, विपद् जोखिम, बन्द हड्ताल, परम्परागत कुरीति, सामाजिक विभेदजस्ता घटनाका कारण विद्यार्थीमा बीचैमा कक्षा छाड्ने समस्या कायम रहेको पाइएको छ।

भोलिन्टर सर्भिज ओभर्सिज (भिएसओ) नेपाल र आसमान नेपालका सहयोगमा शिक्षा पत्रकार समाजले मंगलबार आयोजना गरेको गण्डकी प्रदेशस्तरीय नीतिगत बहस कार्यक्रममा गण्डकी प्रदेशसभासद्, पालिका र शैक्षिक निकायका प्रतिनिधि तथा शिक्षा क्षेत्रका सरोकार भएका सहभागी कार्यक्रममा विद्यालयमा भौतिक पूर्वाधार, शैक्षिक सामग्री, मनोसामाजिक वातावरणलगायत पक्षमा पर्याप्तता हुनुपर्नेमा जोड दिइएको छ । उनीहरूले गुणस्तरीय शिक्षाको राष्ट्रिय र अन्तरराष्ट्रिय प्रतिबद्धता तथा संविधानको मौलिक हकको कार्यान्वयनका लागि विद्यालयमा सुरक्षित सिकाइको वातावरण हुनुपर्नेमा जोड दिए।

कार्यक्रममा प्रदेशसभा, विधायन समितिका सभापति मोहन रेग्मीले शिक्षा क्षेत्रमा प्रदेशसभा र सरकारबाट तर्जुमा गरिएका नीति कार्यान्वयनका क्रममा रहेको जनाउँदै सुरक्षित



विद्यालयको वातावरण आफूहरूको पनि उत्तिकै चासोको विषय भएको बताए । उनले विज्ञको अध्ययनबाट प्राप्त सुझावलाई नीति र अभ्यासका क्रममा कार्यान्वयनका लागि आफूहरू तत्पर रहेको स्पष्ट गरे।
अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले गैरसरकारी संस्थालाई समुदाय र विद्यायस्तरका वास्तविक समस्याको पहिचान गरी सहयोग गर्न आग्रह गर्दै कतिपय केन्द्रीय नीतिमा रहेका असावधानीका कारण गरीब र धनी विद्यार्थीको पहिचानमा अन्योल देखिएको टिप्पणी गरे । प्रदेश, सामाजिक विकास मन्त्रालयका सहसचिव तोयानाथ लम्सालले विद्यालयस्तरको शिक्षाको सञ्चालनको कार्यक्षेत्र स्थानीय तह भएकाले स्थानीय सरकारलाई क्षमतावृद्धिअनुगमनकालागिप्रभावकारी बनाउँदै शैक्षिक नीतिको कार्यान्वयन गरिएको जनाए । प्रदेश शिक्षा विकास निर्देशनालयका निर्देशक तिलक सिलवालले सामाजिक क्षेत्र र सञ्चार जगत्ले शैक्षिक समस्यालाई उत्तेजनात्मकरूपमा उठाउने मात्र नभई समाधानमूलकरूपमा पनि सम्बोधन गराउनुपर्ने बताए । नेपाल शिक्षक महासङ्घका केन्द्रीय प्रतिनिधि लोचना अधिकारीले शिक्षा पत्रकारले शिक्षकका सकारात्मक योगदानलाई पनि बाहिर ल्याउनुपर्नेमा जोड दिए। कार्यक्रममा भिएसओ नेपालका देशीय निर्देशक जयशङ्कर लालले 'सेभ टु लर्न' परियोजनाले विभिन्न प्रदेश र जिल्लामा सुरक्षित विद्यालयका लागि हासिल गरिएका अनुभव अन्य स्थानका लागि पनि प्रयोगमूलक हुने बताए । भिएसओ नेपालका कार्यक्रम व्यवस्थापक सुशीलबाबु खनाल, शिक्षा पत्रकार समाजका अध्यक्ष प्रकाश सिलवाल, आसमान नेपालका कार्यक्रम व्यवस्थापक शेखर सापकोटा र विश्वनाथ घिमिरे, पत्रकार प्रकाश ढकालगायतले गुणस्तरीय र सुरक्षित सिकाइका लागि सम्बन्धित पक्षको हातेमालो आवश्यक रहेकामा जोड दिएका थिए।

## सवारी ...

जनाएको छ।

दिउँसो करीब १ बजेको समयमा भएको सो दुर्घटनामा मोटरसाइकल आफैं अनियन्त्रित भई सडकबाट अन्दाजी ५० मिटर खस्दा घाइते हुनुभएका गिरीको सहारा अस्पतालमा उपचारका क्रममा साँझ मृत्यु भएको प्रहरी वरिष्ठ उपरीक्षक मोहनप्रसाद पोखरेलले जानकारी दिए। घटनामा मोटरसाइकल पछाडि सवार सोही ठाउँ बस्ने ३२ वर्षीय गोविन्द गिरी घाइते भएकामा फिस्टेल अस्पताल पोखरामा उपचार भइरहेको प्रहरीले जनाएको छ । उनको अवस्था मध्यम रहेको बताइन्छ। यसैगरी मंगलबार बिहान जीप र मोटरसाइकल एकापसमा ठक्कर खाँदा दुई जना घाइते भएका छन्। कास्कीको अन्नपूर्ण गाउँपालिका-५ नयाँपुलस्थित पोखरा-बागलुङ सडकखण्डमा पर्वतबाट काँडेतर्फ आउँदै गरेको ग१ज ६९५० नम्बरको जीप र विपरीत दिशातर्फ जाँदै गरेको ध२प १११९ नम्बरको मोटरसाइकल बिहान ६:०० बजेको समयमा एकापसमा ठक्कर खाएको थियो। घटनामा मोटरसाइकल चालक जिल्ला तनहुँ घर भई हाल अन्नपूर्ण गाउँपालिका-५ नयाँपुल डेरा गरी बस्ने १८ वर्षीय महमद समिन र मोटरसाइकल पछाडि सवार अन्नपूर्ण गाउँपालिका-६ हाइजुङ बस्ने वर्ष १७ वर्षीय विश्व नेपाली घाइते भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ। घाइते दुवैको अवस्था गम्भीर रहेको र हाल मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको जनाइएको छ।

## उपभोक्ता ...

छ। उद्योग वाणिज्य सङ्घ गण्डकी प्रदेश अध्यक्ष सञ्जीवबहादुर कोइरालाले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सोच्न सके उपभोक्ता अधिकार संरक्षण हुने धारणा राखे। उनले गलत काम गर्नेलाई कुनै पनि बहानामा संरक्षण गर्न नहुने जनाउँदै उपभोक्ताले न्याय पाउने संयन्त्रको गठन आवश्यक रहेको औंल्याए।

कार्यक्रममा उपभोक्ता मञ्च गण्डकी प्रदेशका अध्यक्ष कपिलनाथ कोइरालाले उपभोक्ता अधिकार संरक्षण ऐन, २०७५ लागू भए पनि त्यसको कार्यान्वयन हुन नसक्दा र अधिकारका बारेमा जानकार नहुँदा उपभोक्ता ठगिएको बताए । उनले कालोबजारी गर्ने विक्रेतालाई निरुत्साहित गर्ने उपभोक्ता स्वयं सचेत हुनुपर्नेमा जोड दिए। उपभोक्ता मञ्च गण्डकीका उपाध्यक्ष रमेश पौडेलले उपभोक्ता अधिकारका विषयमा विश्वमा सन् १९८५ मा संयुक्त राष्ट्रसङ्घको साधारणसभाबाट पारित भएको उल्लेख गर्दै अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले प्रस्तुत गरेका सुरक्षा, सूचना, छनोट र सुनुवाइ, गुणस्तरीय चार अधिकारको विषयमा चर्चा गरेका थिए।

मञ्चका कास्कीका अध्यक्ष राजेन्द्र लिगलले वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारका बारेमा उपभोक्ता संरक्षण ऐन, २०७५ मा स्पष्ट भए पनि व्यवहारमा त्यसको कार्यान्वयन हुन नसकेको बताए। कार्यक्रममा सहभागीहरूले उपभोक्तालाई छनोटको अधिकार भए पनि ग्रामीण भेगका उपभोक्ताले म्याद गुज्रिएको कमसल सामान उपभोग गर्न बाध्य भएको, पसलमा मूल्यसूची नभएको र एउटै सामान फरक-फरक मूल्यसूची भएको, खाद्य पदार्थमा अखाद्य सामग्री मिसाइएको, बजार अनुगमन प्रभावकारी हुन नसकेको, कालोबजारी गर्नेहरू कानूनको दायरामा आउन नसकेकोलगायत गुनासो गरेका थिए । सहभागीले उपभोक्ता अदालत गठन गरी टास्कफोर्समार्फत २४ घण्टादेखि तीन दिनभित्र उजुरीको सुनुवाइ हुने गरी काम गर्नुपर्ने सुझावसमेत दिएका थिए।





**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

- **पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
- **महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
- **सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
- **मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# आशा जगाउँदै मर्दी पदयात्रा मार्गका व्यवसायी

-वासुदेव पौडेल
पोखरा, ३ चैत

पोखरा महानगरपालिका-२४ मैदान स्थायी बसोबास भई पोखरास्थित बाराही माविमा अध्यापनरत टंकप्रसाद सुवेदी पहिलोपटक मर्दी हिमालको पदयात्रा गर्दा निकै खुसी देखिनुहुन्थ्यो ।

कोरोनाले थलिएको पर्यटन बिस्तारै पुरानै लयमा फर्कने आशा पलाइरहेका अवस्थामा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धन एवं ट्रेकिङ इक्विपमेन्ट शप एसोसिएसन (टेसा) पोखराद्वारा आयोजित मर्दी हिमाल पदयात्रा तथा पदयात्रा सामग्रीको प्रयोग एंव चिनारी विषयक पदयात्रामा सहभागी उहाँलाई हिँड्दाको दुःखभन्दा पनि पदयात्रा मार्गमा देखिएको प्राकृतिक सुन्दरता आदिले थकाइ मेटाइरहेको थियो ।

जङ्गलैजङ्गलको बीचबाट गरिने मर्दी हिमालको पदयात्रा प्राकृतिक दृश्यावलोकनका दृष्टिले निकै आकर्षक गन्तव्यका रूपमा आफूले पाएको उहाँले बताउनुभयो । "ढकमक्क ढाकिएका जङ्गलको बीचबीचबाट चराचुरुङ्गीको चिरबिराहट सुन्दै, दृश्यहरू नियाँल्दै हिँड्न पाउनु यहाँको विशिष्टता रहेछ", पर्यटन व्यवसायीसमेत रहेका उहाँले भन्नुभयो, "कोरोनाले थलिएको पदयात्रा पर्यटन आगामी दिनमा पुनः पूर्ववत् अवस्थामा फर्कने विश्वासमा यस क्षेत्रका पर्यटन व्यवसायी रहेको पायौँ ।"

सुवेदी जस्तै यतिखेर मर्दी हिमालको पदयात्रामा आन्तरिक पर्यटकहरू पुग्ने गरेका छन् । पर्यटकका लागि यस पदयात्रा मार्गका ठाउँठाउँमा सुविधासम्पन्न होटेलहरू रहेको पदयात्रा मार्गको हाइक्याम्पस्थित ट्रेकेस प्याराडाइजका सञ्चालक सुदीप गौतमले बताउनुभयो । उहाँका अनुसार पदयात्रा मार्गका अष्ट्रेलियन क्याम्प, पोथना, लब्ली हिल, फरेष्ट क्याम्प, बादलडाँडा, मर्दी हाइक्याम्पलगायत स्थानमा ५० भन्दा बढीको सङ्ख्यामा सुविधासम्पन्न होटेलसहित व्यवसायी पर्यटकको पर्खाइमा छन् । नेपालमा पदयात्रा एवम् पर्वतीय पर्यटनको धेरै सम्भावना रहेको बताउँदै नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका सचिवसमेत रहनुभएका उहाँले भन्नुभयो, "कोरोना प्रभावित पर्यटनलाई पुनरोत्थान गर्न आन्तरिक पर्यटनमा विशेष जोड दिनुपर्ने देखिएको छ ।" केही वर्षयता मर्दी हिमाल पदयात्रामा पर्यटकहरूको आकर्षण बढिरहेको बताउँदै उहाँले नेपाल पर्यटन बोर्डसहित पर्यटनसम्बद्ध सङ्घसंस्थाले प्रवर्द्धनका गतिविधिलाई अघि बढाउनुपर्ने बताउनुभयो । पदयात्रामार्गका साथै उक्त क्रममा प्रयोग गरिने सामग्रीको बिक्री वितरण गर्दै आएको व्यवसायीको साझा संस्था ट्रेकिङ इक्युपमेन्ट शप एसोसिएशन (टेसा) पोखराले यस क्षेत्रमा आउने जो कोही पर्यटकका लागि गुणस्तरीय सामग्रीहरू उपलब्ध गराउँदै आएको टेसा पोखराका अध्यक्ष नारायण सापकोटाले बताउनुभयो । "हामी व्यवसायमात्र नभई पदयात्रा गर्ने पर्यटकका लागि अपरिहार्य सामग्री पनि गुणस्तरीय होस् भन्ने पक्षमा निरन्तर क्रियाशील छौँ", उहाँले भन्नुभयो, "नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा टेसा पोखराद्वारा आयोजित मर्दी हिमाल पदयात्रा तथा पदयात्रा सामग्रीको प्रयोग तथा चिनारी विषयक पदयात्रामार्फत पनि हामीले यो सन्देश पर्यटन क्षेत्रमा प्रवाह गर्न खोजेका छौँ ।"

कोरोना सङ्क्रमणले पारेको प्रभावका बाबजुद पनि आगामी दिनमा पदयात्रा पर्यटन पूर्ववत् अवस्थामा फर्कने सोचका साथ आफूहरू व्यवसायलाई निरन्तरता दिएको उहाँले बताउनुभयो । मर्दी पदयात्राका क्रममा पदयात्रा मार्गमा पनि व्यवसायीहरू उच्च मनोबलका साथ आगामी दिनमा पर्यटक आउने आशामा बसिरहेको पाइएको होटेल ग्रिन भ्यूका सञ्चालक धनु गुरुङले जानकारी दिनुभयो । कोरोनाको समयमा पनि आन्तरिक पर्यटककको आगमन फाट्टफुट्ट भएको उहाँले बताउनुभयो । आगामी दिनमा पर्यटकको आगमन बढ्ने आशाका साथ आफूहरू क्रियाशील बनेको उहाँको भनाइ छ । पदयात्रा पर्यटनमा प्रयोग गरिने सामग्रीको बिक्री वितरणलाई प्रभावकारी बनाउने लक्ष्यका साथ पोखरामा २०५४ सालदेखि संस्थागतरूपमा नै ट्रेकिङ इक्युपमेन्ट शप एसोसिएसन (टेसा) क्रियाशील छ । पदयात्रा पर्यटनको प्रवर्द्धन र विकासमा महत्वपूर्ण योगदान गर्दै आएको टेसामा हाल विभिन्न ७५ व्यवसायी आबद्ध रहेको निवर्तमान अध्यक्ष रामचन्द्र गिरीले जानकारी दिनुभयो । छोटो समयमा हिमालको काखमा पुग्न सकिने भएकाले मर्दी हिमालको पदयात्रा नेपालीले निकै रुचाएको टेसा पोखराका कार्यसमिति सदस्य एवम् ट्रेकिङ गाइड रमेशराज अधिकारीले जानकारी दिनुभयो । "छोटो समयमा दुई दिनमा नै हिमालको फेदीमा पुग्न सकिने मर्दी पदमार्ग हो", उहाँले भन्नुभयो, "हिमाली दृश्यका साथै पदमार्गमा देखिने ठूलाठूला लालीगुराँसलगायत प्रजातिका बोटसहितको दृश्यले जो कोहीलाई लोभ्याउने गरेको छ ।"

समुद्री सतहबाट पाँच हजार ५८७ मिटर उचाइको मर्दी हिमाललाई सर्वप्रथम सन् १९५६ एक स्विस नागरिकले चर्चामा ल्याउनुभएको हो । सन् १९९० पछि यस क्षेत्रमा पर्यटनका क्षेत्रमा क्रियाशील संस्था हिमालयन इन्काउन्टरले क्याम्पिङ शुरु गरेको गौतमले जानकारी दिनुभयो । १९९० देखि २००७ सम्म क्याम्पिङका साथै भैँसीपालन गर्दै आएका स्थानीयवासीले डोकोमा सामान ल्याएर पर्यटकलाई सेवा प्रवाह गरेकामा त्यसयता भने सुविधासम्पन्न होटेलमार्फत सेवा प्रवाह भइरहेको यहाँका पर्यटन व्यवसायी बताउँछन् । पछिल्ला समयमा मर्दी ट्रेकमा दिनप्रतिदिन पर्यटकहरू बढ्न थालेसँगै आफूहरूमा उत्साह थपेको र आशा जगाएको बादलडाँडास्थित होटेल ३६० का सञ्चालक खुसीमान आलेले बताउनुभयो ।



एक वर्षपछि : कोरोना महामारीका कारण स्थगित पोखरा-१७, छोरेपाटन स्थित गुप्तेश्वर महादेव गुफा परिसरको महाआरती गत सोमबार पहिलो पटक गरिएको थियो । तस्विर : कृष्ण रानाभाट

# पोखरा स्पोर्टस् अवार्डलाई सहयोग

विनय पौडेल
पोखरा, ३ चैत




पाँचौं पोखरा स्पोर्टस् अवार्ड-२०७६/०७७ को मिति नजिकिँदै गर्दा सहयोगीदाता पनि बढ्दै गएका छन् । यसैक्रममा पोखरा लेकसाइडमा सञ्चालित माई होटलले प्रायोजन गरेको छ ।

होटलका प्रबन्ध निर्देशक तोरणबहादुर बानियाँले उत्कृष्ट उदियमान खेलाडीलाई प्रदान गरिने ३५ हजार रुपैयाँ प्रायोजन गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी अध्यक्ष एकराज गिरी र बानियाँबीच मंगलबार सो सम्बन्धमा सहमति भएको छ ।

गण्डकी प्रदेशकै गौरव पोखरा स्पोर्टस् अवार्डमा यसपालि विभिन्न ७ विधामा अवार्ड प्रदान गरिनेछ । मञ्चले २०७८ वैशाख २० मा पोखरा सभागृहमा गण्डकी प्रदेशस्तरको प्रतिनिधित्व हुने गरी विभिन्न ७ विधामा अवार्ड प्रदान गर्नेछ । जसमा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ, उत्कृष्ट खेल पत्रकारिता अवार्डमा नगदसहित अवार्ड वितरण गर्नेछ । तीमध्ये उत्कृष्ट खेल पत्रकारिता अवार्ड यसपालि २ पत्रकारले पाउनेछन् ।

मञ्चले केही विधामा पुरस्कार राशि वृद्धि गर्दै उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र पत्रकारिता अवार्डतर्फ पुरस्कार राशि ३५/३५ हजार रुपैयाँ पुऱ्याएको छ । यसअघि उदियमान खेलाडी र उत्कृष्ट प्रशिक्षकलाई २५/२५ हजार, उत्कृष्ट खेल संघलाई १५ हजार र पत्रकारलाई २० हजार नगद दिइँदैआएको थियो । अवार्ड सम्पन्न गर्न २६ लाख रुपैयाँ खर्च लाग्ने अनुमान रहेको आर्थिक संकलन समिति संयोजक शशि पौडेलले जानकारी दिए ।

# गाउँगाउँमा भिडियो एक्स-रे सेवा: गर्भवतीमा खुशीयाली

-खेमराज गौतम
बागलुङ, ३ चैत

बागलुङ जिल्लाको जैमिनी नगरपालिकाले गर्भवतीलाई लक्षित गरी गाउँगाउँमा भिडियो एक्स-रे सेवा दिन थालेको छ ।

गर्भावस्थामा अनिवार्य भिडियो एक्स-रे आवश्यक भए पनि गाउँमा भिडियो एक्स-रे सेवा नहुँदा सदरमुकाम धाउन पर्ने अवस्थालाई हेरेर जैमिनी नगरपालिकाले गाउँगाउँमा भिडियो एक्स-रे सेवा दिन थालेको हो । स्वास्थ्यकर्मीले तीनपटक अनिवार्य भिडियो एक्स-रे गर्नुपर्छ भने पनि सचेतनाको अभाव, भौगोलिक विकटता र स्वास्थ्य संस्थामा सहज पहुँच अभावका कारण गर्भवती अवस्थामा स्वास्थ्य मापदण्डअनुसार भिडियो एक्स-रे गर्ने र गर्भजाँच गराउनेको सङ्ख्या न्यून रहेको भन्दै जैमिनी नगरपालिकाले गाउँमै पुगेर भिडियो एक्स-रे सेवा दिन थालेको छ ।

समयसमयमा भिडियो एक्स-रे नगर्दा गर्भवती, गर्भको बच्चा र प्रसूतिको समयमा आउन सक्ने जटिलतालाई न्यून गर्नका लागि जैमिनी नगरपालिकाले पछिल्लो समय गाउँगाउँमै गएर भिडियो एक्स-रे शिविर सञ्चालन गर्न थालेको हो । जैमिनी नगरपालिका स्वास्थ्य शाखामा कार्यरत स्टाफ नर्स सुनिता चालिसेले जैमिनीका अधिकांश गर्भवतीले एकपटक मात्र भिडियो एक्स-रे गरेको पाइएपछि जोखिम न्यूनीकरणका लागि गाउँगाउँमै पुगेर भिडियो शिविर सञ्चालन गर्न थालेको बताउनुभयो । नगरपालिकाले सङ्घीय सरकारको रु एक लाख र नगरको रु दुई लाख गरी यस आर्थिक वर्षको असोज महिनादेखि नगरपालिकाका एक शहरी स्वास्थ्य क्लिनिक र आठ स्वास्थ्य चौकीबाट भिडियो एक्स-रे शिविर सञ्चालन गर्न शुरु गरेको हो । पैँयुँथन्थाप स्वास्थ्य चौकी, राङखानी स्वास्थ्य चौकी, छिस्ती स्वास्थ्य चौकी र नेपाने शहरी स्वास्थ्य क्लिनिकमा पहिलोपटक असोज र दोस्रोपटक पुस महिनामा भिडियो एक्स-रे शिविर सञ्चालन गरिएको चालिसेले बताउनुभयो । त्यसैगरी नगरपालिकाले जैदी स्वास्थ्य चौकी, अर्जेवा स्वास्थ्य चौकी, दमक स्वास्थ्य चौकी, सर्कुवा स्वास्थ्य चौकी र बिनामारे स्वास्थ्य चौकीमा कार्तिक र माघ महिनामा दुईपटक शिविर सञ्चालन गरिसकेको छ ।

शिविरबाट हालसम्म २३३ जना महिलाले भिडियो एक्स-रे सेवा लिएको चालिसेको भनाइ छ । "भिडियो एक्स-रेको आवश्यक उपकरणसहित नगरपालिकाबाट एकजना तालीम प्राप्त नर्स स्वास्थ्य चौकीसम्म पुगेर शिविर सञ्चालन गर्दै आएका छौं", चालिसेले भन्नुभयो, "अन्य संयोजन स्वास्थ्य चौकीले गर्दै आएको छ, जसकारण अस्थायीरूपमा भए पनि स्वास्थ्य चौकीबाटै भिडियो एक्स-रे सेवा पाउँदा महिलालाई सहज भएको छ ।" चालिसेका अनुसार उक्त शिविर हरेका तीन-तीन महिनामा गाउँमै पुगेर गरिनेछ ।

गर्भवतीले तीनपटक अनिवार्य, स्वास्थ्यकर्मीको परामर्श र गर्भवतीको अवस्थाअनुसार जति पटक पनि भिडियो एक्स-रे गर्न सकिने धौलागिरि अस्पताल बागलुङका स्त्री तथा प्रसूति रोग विशेषज्ञ चिकित्सक केशव आचार्यले बताउनुभयो । उहाँका अनुसार गर्भवती भएको जानकारी हुनासाथ पहिलोपटक, गर्भवती भएको चारदेखि पाँच महिनामा दोस्रोपटक र सातदेखि आठ महिनामा तेस्रोपटक अनिवार्य भिडियो एक्स-रे गर्नुपर्छ । गर्भमा रहेको बच्चाको अवस्था, गर्भवतीको अवस्था र प्रसूति हुने समयमा हुनसक्ने जटिलतालाई दृष्टिगत गर्दै स्वास्थ्यकर्मीको परामर्शअनुसार अन्य समयमा पनि भिडियो एक्स-रे गर्न अवाश्यक रहेको र यसो नगर्दा आमा र शिशु दुवैलाई समस्या हुने उहाँको भनाइ छ । तीन सन्तान जन्माउँदासम्म सदरमुकाम पुगेर एक/दुईपटक मात्रै भिडियो एक्स-रे गर्नुभएकी जैमिनी नगरपालिका-८ छिस्तीकी २९ वर्षीया याममाया थापाले चौथो सन्तान जन्माउँदा भने गाउँमै भिडियो एक्स-रे गर्न पाएको बताउनुभयो । "पहिलोपटक भिडियो एक्स-रे गर्नुपर्छ भन्ने थाहै थिएन, दोस्रो र तेस्रोपटक जानकारी भए पनि नजीक स्वास्थ्य संस्था नहुँदा धेरै गर्न सकिएन तर अहिले गाउँमै भिडियो एक्स-रे गर्न पाएँ", उहाँले भन्नुभयो ।

# शाइन रेशुङगा बैंकको ७७ शाखा पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, ३ चैत



बुटवलमा प्रधान कार्यालय रहेको राष्ट्रिय स्तरको विकास बैंक शाइन रेशुङगा डेभलपमेन्ट बैंकको ७७ औं शाखा पोखरामा स्थापना भएको छ ।

पोखरा न्यूरोडमा उक्त शाखा स्थापना भएसँगै मंगलबारदेखि बैंकले आर्थिक कारोबार समेत सुरु गरेको छ । नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक इश्वरी प्रसाद भट्टराईले उक्त शाखाको मंगलबार उद्घाटन गर्दै अब बैंकहरुले उत्पादनशिल क्षेत्रमा लगानी गर्न आग्रह गरे । उनले समय अनुसार अब बैंक तथा वित्तिय क्षेत्रमा क्यासलेस बनाउन डिजिटल प्रविधिको अधिक रुपमा प्रयोग गर्नु पर्ने सुझाव दिए । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले गण्डकी प्रदेशको राजधानि पोखरामा सयौँको सङ्ख्यामा बैंक तथा वित्तिय क्षेत्र भएको उल्लेख गर्दै बैंकिङ सेवा थप प्रभावकारी बनाउन सुझाव दिए । उत्त बैंकको शाखा संचालन भएसँगै पोखरामा उद्योग व्यवसायीमा बैंकले सहुलियत दरमा कर्जा लगानी गर्ने भएको पोखरा शाखा प्रबन्धक नवराज बरालले बताए । बैंकको चुक्ता पूँजि ३ अर्ब ४० करोड रहेको छ भने जगेडा सहित करिब ४ अर्ब पूँजि पुगेको बैंकले जनाएको बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले बताए । बैंकको कुल निक्षेप ३३ अर्ब ५० करोड र कुल लगानी भने ३० अर्ब ५० करोड रहेको सिइओ पौडेलले जनाए । बैंकले विगत १३ वर्ष देखि नै उत्पादनशिल क्षेत्रमा बढी लगानी गर्दै आएको बैंकको दाबी छ । हाल बैंकमा ४ लाख ५० हजार ग्राहकहरु रहेकाछन् । बैंकले देशका मुख्य शहरहरुलाई आर्थिक रुपमा जोड्दै, पोखरा जस्ता शहरमा पर्यटन र साना उद्योगलाई प्रबर्द्धन गर्न पोखरामा शाखा विस्तार गरिएको बैंकका नायव प्रमुख कार्यकारी अधिकृत प्रकाश गुरुङले बताए । उनका अनुसार बैंकले हाल करिब ८ देखि ११ प्रतिशतमा कर्जा(लगानी) गरेको छ ।

# पेट्रोलियम पदार्थको मूल्य वृद्धि

रासस
काठमाडौं, ३ चैत

नेपाल आयल निगमले मंगलबार पुनः पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ । निगमका प्रवक्ता विनितमणि उपाध्यायका अनुसार आज मध्यरातदेखि लागू हुने गरी पेट्रोल, डिजेल तथा मट्टीतेलमा प्रतिलिटर दुई रुपैयाँका दरले मूल्य वृद्धि गरेको छ ।

नयाँ मूल्यअनुसार पेट्रोल प्रतिलिटर रु ११८ पुगेको छ भने डिजेल, मट्टीतेल प्रतिलिटर रु १०१ पुगेको छ । यस्तै हवाई इन्धन आन्तरिकको साविक मूल्यमा रु दुईले वृद्धि हुँदा प्रतिलिटर रु ७४ पुगेको छ । खान पकाउने एलपी ग्याँस तथा हवाई इन्धन अन्तर ष्ट्रियतर्फको खुद्रा बिक्री मूल्य भने हाललाई यथावत नै राखिएको छ ।

मूल्य वृद्धिपछि पनि निगमलाई पेट्रोलमा नौ रुपैयाँ ३५ पैसा, डिजेलमा प्रतिलिटर पाँच रुपैयाँ ८० पैसा तथा खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिण्डर ३९२ रुपैयाँ ८२ पैसा घाटा रहेको छ । त्यसआधारमा अर्धमासिक रुपमा निगमलाई रु एक अर्ब २७ करोड ७० लाख बराबरको घाटा रहेको दाबी गरिएको छ ।

सो घाटा रकम मूल्य स्थितिकरण कोष तथा निगमको सञ्चित नाफाबाट व्यवस्थापन गरिने छ । इण्डियन आयल कर्पोरेशनबाट मंगलबार प्राप्त भएको मूल्यअनुसार नै निगमले मूल्य समायोजन गरेको जनाएको छ । यसअघि पेट्रोल प्रतिलिटर रु ११६, डिजल र मट्टीतेल प्रतिलिटर रु ९९ मा बिक्री हुँदै आएको थियो । निगमले गत फागुन १७ मा मूल्य समायोजन गरेको थियो ।

# झलनाथ-माधव समूहको राष्ट्रिय कार्यकर्ता भेला बुधबारदेखि

रासस
काठमाडौं, ३ चैत

नेकपा (एमाले) को झलनाथ-माधव समूहले यही चैत ४ र ५ गते राजधानीमा राष्ट्रिय कार्यकर्ता भेला गर्ने भएको छन् ।

ललितपुरका आज आयोजित पत्रकार सम्मेलनमा बदलिँदो परि स्थितिमा छलफल गर्न, एकीकृत धारणा बनाउन र देशव्यापीरुपमा पार्टी पद्धतिलाई त्यस आधारमा अघि बढाउनका लागि राष्ट्रिय कार्यकर्ता भेला गर्न लागेको जानकारी दिइएको हो । भेलाको सम्पूर्ण तयारी पूरा भएको जनाइएको छ । उक्त समूहका प्रचार विभाग प्रमुख योगेश भट्टराईले पार्टी कठिन अवस्थाबाट गुज्रिरहेको घडीमा धैर्य र संयमताका साथ पार्टीको सुदृढ एकता र विधानसम्मत सञ्चालनका लागि आ-आफ्नो ठाउँबाट योगदान गर्न पार्टीका सबै नेता, कार्यकर्ता, समर्थक र शुभेच्छुकमा आग्रह गर्नुभयो । राष्ट्रिय कार्यकर्ता भेलामा पार्टीलाई सुदृढ, एकताबद्ध, क्रियाशील र विधान सम्मतरुपमा अघि बढाउने सम्बन्धमा व्यापक छलफल गर्न गइरहेका उहाँले जानकारी दिनुभयो । नेता भट्टराईले जारी गरेको प्रेस विज्ञप्तिमा भेलामा केन्द्रीय कमिटीका तर्फबाट एक अवधारणात्र प्रस्तुत गरिने, टोली विभाजन गरी सबै सहभागीले आफ्ना मत राख्न पाउने गरी छलफल र पारित गरिने उल्लेख छ । भेलामा पार्टी केन्द्रीय कमिटी, केन्द्रीय निकाय र केन्द्रीय विभागका सदस्य, प्रदेश कमिटीका सदस्य, केन्द्रीय कमिटीका पूर्वसदस्य, सङ्घ तथा प्रदेशका सांसदलगायत दुई हजारभन्दा बढी अगुवा कार्यकर्ताको उपस्थिति रहनेछ । पार्टी एकता विरोधी, विधान प्रतिकूल र एकलौटी कदमले सिर्जना गरेको पार्टी एकताका चुनौतीलाई एकताबद्धरुपमा प्रतिवाद गर्दै असफल पार्न आम पार्टी पङ्क्तिलाई आह्वानसमेत गरिएको छ । विज्ञप्तिमा जनताको बहुदलीय जनवादको मूल्य र मान्यताको रक्षा गर्दै पार्टीलाई एकाधिकारवाद, गुटवाद र विभाजनबाट बचाउँदै लोकप्रिय, क्रान्तिकारी र लोकतान्त्रिक शक्तिका रुपमा विकास गर्नका लागि सबै नेता, कार्यकर्ता र आम जनसमुदायको एकताबद्ध प्रयास यसबेला थप खड्किएको उल्लेख छ । सर्वोच्च अदालतको आदेशबाट नेकपा (एमाले) पुनःस्थापना हुनुको अर्थ कुनै व्यक्ति विशेषको मात्र पुनःस्थापना नभई सिङ्गो पार्टीको पुनःस्थापना भएकाले त्यसअनुसार पार्टी पङ्क्तिलाई परिचालन गरेर मात्र पार्टी बलियो हुने उक्त समूहको ठहर छ ।